Sanima Bank
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं.२०८३/८४/वि.एस/५ मिति: २०८३/०५/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

**बिषय : २२ औं वार्षिक साधारणसभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस बैंकले आर्थिक वर्ष २०८२/८३ को संचित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको १० प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट यस बैंकले प्रस्ताव गरे अनुसार नै वार्षिक साधारण सभाबाट स्वीकृत गराई बितरण गर्न मिति २०८३/०५/१८ गतेको पत्र मार्फत स्वीकृति प्राप्त भएको हुँदा यस बैंकको मिति: २०८३/०५/१८ गते बसेको संचालक समितिको ७१७औं बैठकको निर्णयानुसार बैंकको २२औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको व्यहोरा तँहाको जानकारीको लागि अनुरोध छ ।

१. **सभा हुने मिति, स्थान र समय :**

मिति : बि.सं.२०८३ साल आश्विन १२ गते (सेप्टेम्बर २८, २०२६) सोमबार ।
स्थान : आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाण्डौ ।
समय : विहान ११:०० बजे ।

२. **शेयर दाखिल खारेज** (Book Close) **सम्बन्धी विवरण :**

- २२औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८३/०६/०१ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनु भन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८२/८३ को नगद लाभांश प्राप्त गर्न योग्य हुनु हुनेछ ।

साथै, २२औं वार्षिक साधारणसभासँग सम्बन्धीत जानकारीहरु मिति २०८३/०५/१९ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रति समेत यसै साथ संलग्न गरिएको छ ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

**वोधार्थः**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस.एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
४. श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

